सााँगुरीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा

# पार्किङ्ग, सरसफाई तथा पूर्वाधार सेवा शुल्क असुलीको ठेक्का बन्दोवस्तीको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०३/२६

यस पालिकाको आर्थिक ऐन २०७५ को अनुसूचिमा उल्लेखित पार्किङ्ग, सरसफाई तथा पूर्वाधार सेवा शुल्कमा आ.ब. २०७५/७६ वर्ष १ का लागि एकमुष्ठ ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनी तथा संस्थाहरुले निम्न बमोजिमको रित पुर्याइ शिलबन्दी दरभाउ पेश गर्न हुन सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम वार्षिक ठेक्का अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | ....२०७५/०७६ | पार्किङ्ग, सरसफाई तथा पूर्वाधार सेवा शुल्क | ३,००,०००/- | ३००/- |

१ दरभाउ फाराम सूचना प्रकाशित भएको मितिले ७ औ. दिन कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी खरिद गर्न सकिने छ । फारमा खरिद गर्दा निवेदन साथ फर्म दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र को प्रतिलिपि पेश गरी कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रमा आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस गाउँपालिकाको नेपाल बंगलादेश बैंक भेडेटार स्थित धरौटी खाता नं. ०५२०००९२१ अ मा जम्मा गरेको सक्कल भौचर फर्म दर्ता प्रमाण पत्र, प्यान तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. ०७३/०७४ को कर चुक्ताको प्रतिलिपि सैलग्न राखि शिलबन्दी दरभाउपत्र साथ पेशं गर्नु पर्नेछ । साथै दरभाउपत्र पेश गर्ने खाम बाहिर प्रष्ट बुझिने गरि ठेक्का विवरण उल्लेख गरी नाम थर, ठेगाना र सम्पर्क नं.उल्लेख हुनुपर्नेछ ।

३. पेश भएबा दरभाउपत्रहरु दाखिला भएको मितिले ८ औं दिन १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता भएका शिलबन्दी पत्रहरु २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ दरभाउपत्रदाताहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४ रित नपुगी, म्याद नाघी आएका वा कुनै शर्त राखि अएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । कबोल रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ, फरक पर्न गएमा अक्षरलाई मान्दयता दिइनेछ ।

५. ठेकेदारले सम्झौताको समयमा ठेक्का रकम एकमुष्ट बुझाउनु पर्नेछ । एक मुष्ट नबुझाउनेको हकमा ठेक्का अंकलाई तिन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ताको रकम ठेक्का रकमको ५०% सम्झौता अघि नै बुझाउनु पर्नेछ । बाँकी दुई किस्ता २५/२५ प्रतिशत मानि दोश्रो किस्ता रकम सम्झौताको मितिले चौथो महिनामा र अन्तिम किस्ताको रकम जेष्ठ मसान्त भित्र बुझाइसक्नु पनर्चेछ । एकमुष्ठ रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा पहिलो किस्ता बाहेकबाँकी किस्ताको लागि सो बरावरको ठेक्का अवधि भएको बैंक ग्यारेण्टी पेश गनुपर्नेछ ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका कार्यालयमा सुरक्षित रहेनछ

७. दरभाउपत्र दाताले दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको ठेक्का अंक उल्लेख गुनुपर्नेछ । प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर, दादि बुझाउनु पर्ने रकम बठेकेदार आफैले बुझाउनु पर्नेछ ।

८. शिलबन्दी बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ ।

९. शुल्क उठाउन आवश्यक कर्मचारी र अन्य व्यवस्था ठेकेदार स्वयमले गुर्नपर्नेछ । कर असुली गरिने नगदी रसिद ठेकेदार आफ्नै तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१०. धरौटी वापतको रकम बुँदा नं. ५ को प्रकृया पुरा भै सम्झौता भएपछि फिर्ता दिईनेछ । बैंक ग्यारेण्टी वापतको रकम ठेक्काको अवधि समाप्त भएपछि आर्तरिक राजश्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिइनेछ ।

११. साँगुरीगढी गाउँपालिकाले तोकेको स्थानमा मात्र करसंकलन केन्द्र राखि शुल्क उठाउनु पर्नेछ ।

१२. ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएका कार्यलयको निर्ण अन्तिम हुनेछ ।

१३. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न वा www.sangurigadhimun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner